नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**
ताहाचल, काठमाडौं, नेपाल
फोन: ०१-४५९८०१३/१४, इमेल: info@aepc.gov.np

# जैविक ऊर्जामा कार्यरत मान्यता प्राप्त व्यावसायिक संस्था/कम्पनीहरुको सम्झौता चालु आ.व. २०८१/८२ मा नवीकरण गर्न आवश्यक कागजात पेश गर्ने सम्बन्धमा ।

**सूचना प्रकाशित मितिः २०८१/०८/२५**

**आवेदन पेश गर्ने अन्तिम मिति : २०८१/०९/२५**

प्रस्तुत विषयमा प्रचलित नवीकरणीय ऊर्जा अनुदान नीति, २०७८ तथा नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि,२०७९ बमोजिम गत आ.व.२०८०/८१ मा केन्द्रद्वारा (क) घरेलु वायोग्यांस प्रणाली, (ख) ठुलो वायोग्यांस प्रणाली (१२ घ. मी. भन्दा माथि १०० घ. मी. सम्म) र (ग) २. वायोमास ऊर्जा प्रविधिहरुको (प्रणालीहरुको) मान्यता प्रदान तथा सुचीकृत गर्ने निर्देशिका बमोजिम आपूर्ति, निर्माण/जडान तथा बिक्री पछिको सेवा उपलब्ध गराउन मान्यता प्राप्त गरेका र चालु आ.व. २०८१/८२ मा समेत उल्लिखित कार्य गर्न इच्छुक व्यावसायिक संस्था/कम्पनीहरुले मिति २०८१ साल पुस २५ गतेसम्ममा कार्यालय समयभित्र तपसिल बमोजिमका कागजात सहित केन्द्रमा आवेदन पेश गर्न केन्द्रको निर्णयानुसार जानकारी गराईन्छ । तोकिएको समयावधिपछि पेश भएका निवेदन तथा कागजात उपर कुनै कारवाही नगरिने व्यहोरा समेत यसै पत्र मार्फत जानकारी गराइन्छ ।

**तपसिल**

१. आ.व. २०७९/८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

२. आ.व. २०८०/८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि मिति २०८१ पौष मसान्तभित्र पेश गर्ने प्रतिबद्धता पत्र ।

३. आवधिक नवीकरण गर्नुपर्ने गरी दर्ता भएका व्यवासायिक संस्था/कम्पनीको हकमा सम्वन्धित निकायबाट आवधिक नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।

४. यस केन्द्रलाई तिनुपर्ने भनी कम्पनीलाई पत्राचार भएको रकमको हकमा सो को हिसाब मिलान गरिएको पत्र ।

५. कम्पनीको सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत र व्यवस्थापन तहका कर्मचारी तथा डिलर परिवर्तन/थपघट भएको हकमा सोको अद्यावधिक विवरण सहितको (डिलरहरुको कम्पनी दर्ता र **VAT/PAN** दर्ता प्रमाण पत्रको प्रतिलिपी समेत अनिवार्य रुपमा संलग्न गरिएको हुनुपर्ने) कम्पनी प्रोफाइल ।

६. विभिन्न नवीकरणीय ऊर्जा प्रणाली आपूर्ति, निर्माण/जडान, सञ्चालन, मर्मतसम्भार तथा बिक्रीपछिको सेवा सम्बन्धमा प्रदेश सरकार, स्थानीय तह एवं कुनै संगठित संस्थाबाट केन्दमा कुनै गुनासो/कैफियत/त्रुटी समाधानका लागि पत्राचार भई ठहर भएको गुनासो समाधान भएको प्रमाण ।

७. कम्पनीको अद्यावधिक विवरण (कम्पनीको नाम, ठेगाना, फोन नं. इमेल, सम्पर्क व्यक्ति, सम्पर्क व्यक्तिको मोबाइल नं. अनुदान रकम जम्मा हुने बैंकको नाम/ठेगाना, खाताको नाम, खाता नं.) कम्पनीको Letter Head मा आधिकारिक व्यक्तिको हस्ताक्षर सहित केन्द्रमा पेश गर्नुपर्नेछ ।

थप जानकारी यस केन्द्रको वेवसाईट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।